हरिनगर गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

हरिनगरा, सुनसरी

कोशी प्रदेश, नेपाल

प.स. २०८२/०८३

च.नं.

मिति:२०८२/११/१३

<u>आ.व.२०८३/०८४ को लागि न्यूनतम रोजगारीमा संलगन हुन निवेदन दिने सम्बन्धी सूचना ।</u>

रोजगारीको हक सम्बन्धी ऐन २०७५ को दफा ११ उपदफा १, रोजगारीको हक सम्वन्धी नियमावली २०७५ को नियम ७ को उपनियम १ तथा राष्ट्रिय रोजगार प्रवर्धन कार्यक्रम संचालन तथा व्यवस्थापन निर्देशिका २०८२ को दफा १७ बमोजिम अगामी आ.व. २०८३/०८४ मा न्यून आय भएका वा स्वरोजगारमा संलग्न नरहेका १८-५९ वर्ष उमेर समूहका बेरोजगार नागरिकले यस हरिनगर गाउँपालिका अन्तर्गत रहेको रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने न्यूनतम रोजगारीमा संलगन भई सार्वजनिक विकास निर्माणको काममा योगदान गर्न इच्छुक सामाजिक र आर्थिक अवसरबाट बन्चित महिला, आदिवासी जनजाती, दलित, सिमान्तकृत समुदाय तथा विपन्न वर्गका व्यक्तिहरुले २०८२ फाल्गुन मसान्त सम्ममा तपशिलमा उल्लेखित कागजात संलगन गरि आफ्नो स्थायी बसोबास रहेको वडा कार्यालयमा गई निवेदन दिनुहुन यो सूचना प्रकाशन गरिएको छ ।

<u>निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु</u>

१. निवेदन दिने व्यक्तिको नागरिकता प्रमाणपत्रको प्रतिलिपि १ प्रति ।

२. निवेदन दिने व्यक्तिको पासपोर्ट साइजको फोटो १ प्रति।

३. फारममा उल्लेख गरिने परिवार संख्याका नागरिकताको प्रतिलिपि १ प्रति,नागरिकता प्रमाण पत्र नभएको खण्डमा जन्म मिति खुल्ने कागजात समावेश गर्नुपर्ने छ ।

४. निवेदकको सम्पर्क नम्बर ।

५. निवेदकको उमेर १८ वर्ष पूरा भई ५९ वर्ष ननाघेको ।

६. बेरोजगार दर्ताका लागि दिने निवेदन फारम सम्बन्धित वडा कार्यालयमा उपलब्ध हुनेछ ।

७. उक्त आवेदन फारम प्रधनमन्त्री रोजगार कार्यक्रमको वेबसाइड https://pmep.gov.np/ बाट समेत डाउनलोड गर्न सकिनेछ ।

...................................

प्रमुख प्रशासकीय अधिकृत

*Email id.: haringargapa@gmail.com, ito.harinagaramun@gmail.com, website: www.harinagarmun.gov.np*